चुलाचुली गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

**अनुसूची २**

चुलाचुली गाउँपालिकाको

## राजपत्र

**गाउँकार्यपालिकाद्वाराप्रकाशित**

खण्ड,1संख्या८, प्रकाशितमिति **२०७७/१२/१०**

## भाग-२

**चुलाचुली गाउँपालिकाको**
**“घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र वितरण सम्बन्धी**
**कार्यविधि-२०७७**

आज्ञाले,
काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

चुलाचुली गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

चुलाचुली गाउँपालिकाको
**“घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र वितरण सम्बन्धी**
**कार्यविधि-२०७७**

**कार्यपालिकाबाट स्वीकृत मिति : –२०७७/११/१९**

**चुलाचुली गाउँपालिका**
इलाम जिल्ला, १ नं. प्रदेश,
नेपाल।

# चुलाचुली गाउँपालिकाको
# "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र वितरण सम्बन्धी
# कार्यविधि-२०७७

**कार्यपालिकाबाट**
**स्वीकृत मिति :–२०७७/११/१९**

**प्रस्तावना :**

स्थानीय तहको विकास निर्माणको कार्यमा निजिक्षेत्रको ज्ञान, शिप र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता,विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँच पुऱ्याउने उदेश्य राखी त्यसका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) तथा दफा १०२ को अधिकार प्रयोग गरी कानून बनाउन वाञ्छनिय भएकोले चुलाचुली गाउँपालिका, गाउँ कार्यपालिकाले यो **"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र वितरण सम्बन्धी कार्यविधि-२०७७** जारी गरी लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भीक

१. **संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यबिधिको नाम **"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र वितरण सम्बन्धी कार्यविधि-२०७६**रहनेछ ।

२. यो कार्यविधि चुलाचुली गाउपालिकाको राजपत्रमा प्रकासन भएको मितिवाट लागू हुनेछ ।

३. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा** :

(क) "स्थानीय तह" भन्नाले चुलाचुली गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ख) "अध्यक्ष " भन्नाले चुलाचुली गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(ग) "उपाध्यक्ष" भन्नाले चुलाचुली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(च) **वडा** भन्नाले चुलाचुली गाउँपालिकाको प्रत्येक वडा सम्झनु पर्छ ।

(छ) **वडाअध्यक्ष** भन्नाले चुलाचुली गाउँपालिकाको वडाअध्यक्ष सम्झनु पर्छ ।

(ज) **कार्यपालिका** भन्नाले चुलाचुली गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ । सो शब्दले कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु समेत सम्झनु पर्छ ।

(झ) वडा **सदस्य** भन्नाले चुलाचुली गाउँपालिकाको प्रत्येक निर्वाचित जन प्रतिनिधिहरुलाई सम्झनु पर्छ ।

(ञ) **"**प्रमुख प्रशासकीय अधिकृत**"**भन्नाले चुलाचुली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ट) "निर्माण कार्य" भन्नाले कानून बमोजिम स्थानीय सरकारको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका सार्वजनिक निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँछ ।

(ठ) "घ" वर्गकोनिर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उदेश्यले यस कार्यविधि बमोजिम दर्ता भएको इजाजत प्राप्त फर्म वा सुचिकृत कम्पनीलाई सम्झनु पर्छ ।

(ड) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि गाउँपालिकाबाट दफा ५ बमोजिम दिइने इजाजतपत्र सम्झनु पर्छ ।

(ढ) "प्राविधिक" भन्नाले निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न गाउँपालिकाको कार्यालयबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्छ ।

(ण) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृतिकर्ताको बीच भएको सम्झौतापत्र वा त्यस्तो सम्झौतापत्रको अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्छ ।

## परिच्छेद २

४. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**
प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजत-पत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**५.. नयाँ इजाजत-पत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस चुलाचुली गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले कार्यविधिको अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा खरिद समिति (एकाई) को प्रमुखको संयोजकतामा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको तिन सदसीय समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजत-पत्र कार्यपालिकाको निर्णय वमोजिम गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजत-पत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजत-पत्र प्रदान गर्नेछ ।

(५) उपदफा ४ बमोजिमको इजाजत पत्र उपलब्ध गराएपछि सम्बन्धीत शाखाले सो को स्पष्ट विवरण सहित अनुसुची ४ अनुसार अभिलेख राख्नुपर्नेछ ।

६. **सुचिकृत इजाजत-पत्र सम्वन्धी व्यवस्था :**नेपाल सरकारको अन्य निकायमा “घ” वर्गको निर्माण व्यवसायी दर्ता भई यस अघि नै सम्बन्धित निकायबाट इजाजत पत्र प्राप्त गरी सञ्चालित निर्माण व्यवसायी सम्बन्धी फर्म कम्पनीले चुलाचुली गाउँपालिकाक्षेत्रमा आफ्नो कार्य सञ्चालन गर्न चाहेमा गाउँपालिकाको कार्यालयमा तोकिएको दस्तुर बुझाई दर्ता सुचिकृत गर्न सक्नेछन । सुचिकृत (अनुमती) नभई वा नलिई कार्य सञ्चालन गरेमा गाउँपालिकाले तोकेबमोजम कारवाहि सहित जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद ३

७. **इजाजत-पत्रको अवधि,नवीकरण, हेरफेर परिवर्तन, नामसारी, ठाउँसारी र साझेदारी थपघट**:

(१) दफा ५ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ८ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना अर्थात आश्विन मसान्त भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित गाउँपालिकावाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिम थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

(४) निर्माण व्यवसायीले व्यवसाय सञ्चालन गर्दा इजाजत पत्रमा केहि हेरफेर वा परिवर्तन तथा नामसारी वा ठाउँसारी गर्नु पर्ने अवस्था भएमा सम्बन्धीत शाखा समक्ष सो अनुसारको निवेदन दिनु पर्नेछ ।

(५) उपदफा ४ बमोजिम निवेदन परेमा सम्बन्धीत शाखाले आवश्यक कारण जाँचबुझ गरी हेरी निवेदन माग मनासिव देखेमा कार्यपालिकाको अनुमती लिई निवेदन परेको पन्ध्र दिन भित्र इजाजत पत्रमा केहि हेरफेर वा परिवर्तन तथा नामसारी वा ठाउँसारी संशोधन स्वीकृत गरिदिनु पर्नेछ ।

(६) एक वा एक भन्दा बढि व्यक्तिको नाममा निर्माण व्यवसायी सम्बन्धी इजाजत लिएकाव्यवसायमा साझेदार थप घट गर्नु पर्ने अवस्था भएमा उपदफा ४ अनुसार नै सम्बन्धीत शाखामा स्पष्ट कारण सहित निवेदन गर्न सक्नेछन । सो कुरामा पनि उपदफा ५ बमोजिमकै प्रक्रिया अनुसार साझेदारी थपघट स्वीकृत गरिदिनु पर्नेछ ।

(७) उपदफा ५बमोजिमको संशोधन र उपदफा ६ बमोजिमको साझेदारी थपघट स्वीकृत भएपछि शाखाले व्यवसाय प्रमाण पत्रमा सो कुरा जनाई कार्यालयमा अभिलेख समेत राख्नु पर्नेछ ।

## परिच्छेद ४

८. **इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ६ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**९) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**१०) प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**११) बचाउः**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

## अनुसूची १

अनुसूची - १

कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

दरखास्त वालाको फोटो

विषय : इजाजतपत्र पाउ भन्ने बारे ।

श्री ............................म.न.पा/.नपा/गा.पा को कार्यालय

.................

यस ......................................कार्यालयको कार्यविधि ..........वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :-

ठेगाना :- पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :- दर्ता मिति :-

अधिकृत पूजी :- जारी पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था । बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

.(ग) अन्य :-

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसुची-२
### कार्यविधिको दफा २ को उपदफा १ र दफा ३ को उपदफा ३ संग सम्बन्धीत

| क्र. सं. | निर्माण व्यवसायकिो वर्ग | इजाजत दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | सुचीकृत दस्तुर | इजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | घ | रु.५०००।- | रु.१५००।- | रु.१०००।- | रु.१०००।- | रु.१०००।- |

**द्रष्टव्य :**-चुलाचुली गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत-पत्र वितरण सम्बन्धी कार्यविधि २०७७ को दफा ३ को उपदफा (२) बमोजिम म्याद भित्र इजाजत-पत्र नवीकरण नगरी म्याद गुजारेमा तोकीएको म्याद गुज्रेको ६ महिना भित्र इजाजत-पत्र नवीकरण गराउँन माग गरे उल्लेखित थप दस्तुर बुझाएमा नवीकरण गर्न सक्ने ।

अनुसूची - ३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

## इजाजतपत्र

ईजाजतपत्र नं.....................                                    मिति :- .....................

`.................म.न.पा/न.पा/गाउपालिका

`..............कार्यपालिकाको कार्यालय

.................................

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी  कार्यविधि २०........ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............स्थित कार्यालय भएको ........................ फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

ईजाजतपत्र दिनेको,-
दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालय :-

**नविकरण :**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

इजाजत पत्र को दायाँतर्फ सम्बन्धित निर्माण व्यवसायी मध्ये मुख्य व्यक्तिको फोटो टाँस गरी दिनु पर्नेछ ।

अनुसुची-४

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिलइन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर /टयाक्टर (एक/एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एकसेट)
(घ) वाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

*द्रष्टव्य :*

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँदर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

अनुसुची-५
कार्यविधि को दफा ५ को उपदफा (१) संग सम्वन्धित
इजाजत पत्रका लागि दिइने दरखास्त

विषय : इजाजतपत्र पाउ भन्ने बारे ।

श्री चुलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली इलाम

उपरोक्त सम्बन्धमा यस चुलाचुली गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७७ वमोजिम सार्वजनिक निर्माण कार्य गर्नकोलागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको
नाम :
ठेगाना :
सम्पर्क नम्वर : ईमेल :

२. फर्म वा कम्पनीको प्रकृति
प्राईभेट लिमिटेड कम्पनी : पब्लिक लिमिटेड कम्पनीः
एकलोटी व्यवसाय फर्म : साझेदारी व्यवसाय फर्म :

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :
नाम :
ठेगाना :
सम्पर्क नम्वरः ईमेल :

४. फर्म वा कम्पनीको विवरण
दर्ता नं : दर्ता मिति :
अधिकृत पूँजि : जारि पूँजि : चुक्ता पूँजि :

५ दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :
क) इजाजतपत्र लिन चाहेको वर्ग : (घ) वर्ग
ख) समूहीकरण हुन चाहेको समुह :

६ आर्थिक श्रोतको विवरण

| | रकम | वित्तिय संस्था वा बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्धती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

७. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारकोविवरण :

| सि.नं. | नम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमारहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

८. यस अघि सम्पन्न गरेको कामको विवरण

| सि.नं. | निर्माण सम्वन्धि | काम गरेको साल | रकम | ठेक्का दाता कार्यालयको नाम | कामको अवस्था प्रगतिको अवस्था |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

९. करचुत्ता गरेको प्रमाण कागजात
क.
ख.
ग.

यस दरखास्तमा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको नाम :
दस्तखत :
मिति :

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ रकार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

अनुसूची -४

निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासवुक)

| क.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय: | क) Variation पछिको ContractAmount | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ......................... | ......................... . | | | ......................... . | ......................... | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : | ख)सम्पन्न मिति : | ख)सम्पन्न मिति : | |
| | | | | | .................. | .................. | ......................... .. | ......................... | ......................... . | ......................... | |
| | | | | | ग)ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पद : | ख)पद : | ग) सम्पन्न % | | |
| | | | | | .................... | .................... | .................. | .................. | .................. | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नाम : | |
| | | | | | | .................... | .................... | .................... | ................ | ................ | |
| | | | | | | | घ)निर्णय मिति: | घ)छाप | पद : | पद : | |
| | | | | | | | | | .................. | .................. | |
| | | | | | | | छाप | .................... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | .................... | | .................... | .................... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | | | |
| | | | | | | | | | .................... | .................... | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |